समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

kalpristhanews.com

कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK

वर्षः २९, अंकः८४
बिहीबार, १२ कात्तिक २०८३
(Thursday, 29 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

हेटौंडा कपडा उद्योग व्युँताउने सरकारको तयारी

कच्चा पदार्थ दिने कपास समिति भने खारेजीको संघारमा

लक्ष्मी तिमिल्सिना

नेपालगन्ज, ११ कात्तिक



२०३५ सालमा स्थापना भएको कपास विकास समितिको मुख्य उद्देश्य कपास, त्यसको बिउ उत्पादनसँगै कपास खेतीको विकास तथा विस्तारमा अनुसन्धानको कामसमेत गर्नु थियो। कुनै समय बाँके, बर्दिया र दाङमा उत्पादित कपास खजुरा स्थित समितिको संरचनामा ल्याएर प्रशोधन गरिन्थ्यो। यहाँ प्रशोधन गरिएको कपास तेस्रो मुलुकसमेत निर्यात भएको इतिहास छ। तर अहिले यही संस्था खारेजीको प्रक्रियामा पुगेको छ। समितिको नाममा विभिन्न जिल्लामा ठूलो क्षेत्रफलको जग्गासमेत रहेको छ। बर्दियाको कुम्भरमा ७२५ हेक्टर, जमीनमा ६ बिगाहा, तारातालमा ३ बिगाहा, दाङमा ३ विगाहा र बाँकेको खजुरामा १० विगाहा जग्गा छ।

यहाँ थुप्रै किसानहरू यो कपाससँग जोडिएका थिए। यो नगदे बालीको रूपमा रहेको थियो। बाँके र बर्दियामा कुनै समय ठूलो मात्रामा कपास उत्पादन हुन्थ्यो तर पछिल्लो समय यहाँ आउने मल, बिउ आदिका समस्याका कारण बाँके र बर्दियाका किसानले कपास खेती छोडे। यद्यपी अहिले बाँकेको कुसुम क्षेत्रमा र दाङमा यसको उत्पादन भइरहेको छ।

किसानलाई पुनः उत्साहित गरेर राम्रोसँग मल, बिउ सब्सिडी दिने हो भने बाँके र बर्दियाका जमिनहरूमा कपास खेती गर्न सकिने स्थानीय सतिस निरौलाको भनाइ छ। उहाँ भन्नुहुन्छ,-'सकेसम्म त यो कपास विकास समिति मासिनु हुन्न, यसको

> **बाँके र बर्दियामा कुनै समय ठूलो मात्रामा कपास उत्पादन हुन्थ्यो तर पछिल्लो समय यहाँ आउने मल, बिउ आदिका समस्याका कारण बाँके र बर्दियाका किसानले कपास खेती छोडे ।**

विघटन गर्न हुन्न। राज्यले मास्ने नै हो भने योसँग रहेका औजारहरू, यहाँका मेसिनरी चीजहरू र यसका जग्गाहरूको उचित व्यवस्थापन हुनुपर्छ।'

खारेज नै गर्नेभएपनि सम्बन्धित संरचनाहरूको संरक्षण गर्ने, यलाई प्रयोग गर्ने योजना पनि सँगसँगै ल्याउनु पर्ने प्रकाश उपाध्याय बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ,-'कपास विकास समितिमा भएका ठुलठुला गोदामहरू छन्। त्यो गोदामहरू भित्र मेसिनहरू होलान्, तिनीहरूलाई एउटा स्थानीय नागरिकको आँखाबाट हेर्दा भोलिको दिनमा त्यमा कब्जा हुने, त्यसको, त्यसको संरक्षण नहुने त्यले गर्दाखेरि भोलिको दिनमा फेरि अर्को समस्या आउनसक्छ।'

समिति खारेजीको प्रक्रियामा अघि बढिरहेकाले अत्यावश्यक खर्च व्यवस्थापनका लागि तीन महिनाको बजेट विनियोजन गरिएको छ। करिब ६ सय किसान प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा कपास उत्पादनसँग जोडिएका छन्। समितिसँग रहेको जेनिङ, बेलिङ तथा प्रशोधनका मेसिन अन्य प्रयोजनका लागि सहज रूपमा प्रयोग गर्न सकिँदैन। संस्था खारेज भए यी उपकरण र संरचना प्रयोगविहीन बन्ने जोखिम छ।

बाँकी ३ पृष्ठमा

बाँकेमा कालानमक धानको संरक्षण गरिँदै



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ११ कात्तिक

सुगन्धित र स्वादिलो कालानमक जातको धानको बाँकेमा संरक्षण गर्न थालिएको छ।

परम्परागत कालानमक धानको जात हराउँदै गएको भन्दै यहाँका किसानले जिल्लाका कतिपय स्थानमा यसको व्यावसायिक खेती गर्न थालेका छन्। जानकी गाउँपालिका-३ स्थित दीपाकुमारी काँदु गुप्ताले सुरुमा दुई कठ्ठामा लगाएको कालानमक जातको धान अहिले १० कठ्ठा जमिनमा लगाएका छन्।

उहाँले सो धान महँगो मूल्यमा बिक्री हुने भएकाले यस धानप्रतिको आर्कषण बढ्दै गएको जानकारी दिँदै अधिकांश किसानले सो धान लगाउन थालेको बताए। "अर्को कुनै हाइब्रिड जातको धान प्रतिक्विन्टल रु तीन हजार देखि तीन हजार २०० मूल्यमा बिक्री हुन्छ तर कालानमक जातको धान रु १२ हजार क्विन्टलमा बिक्री हुन्छ", किसान गुप्ताले भने।

किसानलाई धान स्याहार गर्न पनि सहज जातको धान कालानमक भएको जानकारी दिँदै किसानले अन्य धानको तुलनामा यसबाट बढी प्रतिफल पाएको उनले बताए।

सो धानको चामलबाट बनाइएको भात मुलायम र सुगन्धित हुने जानकारी दिँदै किसान गुप्ताले यस वर्ष २० किलो कालनमक जातको धानबाट करिब १५ क्विन्टल धान उत्पादन गर्ने लक्ष्य भएको बताए।

उनले भने, "अन्य हाइब्रिड जातका धानभन्दा यसको उत्पादन केही घट्छ तर यो महँगो मूल्यमा बिक्री हुन्छ", कालानमक धानको बजार स्थानीय बजार नै रहेको र यसको माग पनि बढ्दै गएको उल्लेख गर्दै किसान गुप्ताले कालानमक धानको व्यावसायिक खेती गर्न थालिएको जानकारी दिए।

उनले परीक्षणका लागि सुरुमा एक किलो कालानमक धानखेतीबाट सो धानको उत्पादन सुरु गरिएको जानकारी दिँदै चार जर्षअघिदेखि यसको उत्पादन गरिरहेको बताए।

बाँकेको जानकी गाउँपालिका-५, गुर्वा गाउँका किसान रमेशकुमार बर्माले पनि व्यावसायिक रूपमा कालानमक धानको खेती गरका छन्। उनका अनुसार तीन बिघा जमिनमा सो धानको खेती भएको छ। खादा मिठो हुने भएकाले यो धान हाइब्रिड धानको तुलनामा महँगो पर्ने किसान बर्माको भनाइ छ। यस धानको लागि पर्याप्त सिँचाइ र पानी उपलब्ध हुनुपर्छ। यो धान असारमा रोपेपछि कात्तिकको अन्तिम साता मात्रै काट्न तयार हुन्छ।

मसिनो र बास्नादार मानिने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको किसानको भनाइ छ।

बाँकी ३ पृष्ठमा

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र

Laxmi Media Printers Nepalgunj

लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

आर्थिक स्थिरीकरणका आधार



गोपीनाथ मैनाली

आर्थिक स्थिरीकरणमा मनोवैज्ञानिक र व्यवहारजन्य कारक

किन्जियन आर्थिक ढाँचा वर्तमान मन्दी सम्बोधन गर्न अपर्याप्त

उपभोग खर्च भविष्यको आम्दानीको अनुमानमा आधारित



विश्वका सबै जसो अर्थतन्त्र अहिले आर्थिक मन्दी र मूल्यवृद्धिको समस्या झेलिरहेका छन्। समष्टिगत स्थिरतासहितको आर्थिक गतिशीलता कायम गर्न अभ्यास गरिँदै आएका शास्त्रीय संयन्त्र र विधिहरू असफल देखिएका छन्। किनकि आर्थिक गतिविधि विशुद्ध आर्थिक कारकले मात्र विस्तार हुने नभई यसका पछि मनोवैज्ञानिक र व्यवहारजन्य कारक पनि जिम्मेवार छन्; जसलाई अनुमान नगरी कार्यान्वयन गरिने वित्तीय तथा मौद्रिक उपकरणहरू अपेक्षित आर्थिक अवस्थामा पुग्न असफल रहन्छन्। घरपरिवार तहदेखि बजार तहसम्मका ससाना क्रियाकलापलाई उत्साहमा पुऱ्याएर नै बृहत् आर्थिक स्थिरता प्राप्त गर्न सकिन्छ। समष्टिगत आर्थिक स्थिरीकरणका लागि सूक्ष्म आर्थिक आधार विषयमा रबर्ट ई. हल तथा माइकल उडफोर्डले गरेको अध्ययनका लागि यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको छ। यस सिद्धान्तले एकसाथ मन्दी, उच्च बेरोजगारी र न्यून आर्थिक वृद्धिको समस्या सम्बोधन गर्न सरकारहरूलाई नीति खुराक हुन सक्छ।

अहिले सबै सरकार अर्थतन्त्रमा आउने उतारचढावलाई कसरी अपेक्षित अवस्थामा कायम राखी आर्थिक अवस्थालाई भरपर्दो बनाउने भन्ने चिन्तामा छन्। उत्पादन सङ्गठन तथा लगानीका अवस्थामा आएको परिवर्तन, बजारमा देखिने शीघ्र प्रतिक्रिया, उपभोक्ता र सूचना प्रविधिमा आएको निरन्तरको फेरबदलले आर्थिक स्थिरताका लागि सरकार र केन्द्रीय बैङ्कले ल्याउने शास्त्रीय उपकरणहरू पर्याप्त नहुने अवस्थामा पुगेका छन्। सन् १९३० को दशकको महामन्दीका समयमा जे एम किन्सले विकास गरेको राज्यको भूमिका र रोजगारीको सिद्धान्त उतिखेर निकै सफल रहे पनि ७० को दशकबाट त्यसले मात्र काम गर्न नसक्ने अवस्थामा पुगिसकेको थियो। परिणामतः केन्द्रीय बैङ्कले ब्याजदर घटाउँदा, सरकारले करका दर घटाउँदा पनि मानिसहरू किन खर्च गर्दैनन् र उद्यमीहरू किन लगानी गर्दैनन् भन्ने प्रश्न उठिरह्यो। साथै ब्याज कम गर्ने घोषणा गर्दा मात्र पनि सेयर बजारमा उछाल किन आउँछ भन्ने प्रश्न पनि अनुत्तरित देखियो। तेस्रो सवाल अर्थतन्त्रलाई बलियो बनाउने स्तम्भ सरकार कि केन्द्रीय बैङ्क वा यी दुईको कार्यमूलक परिपूरकता भन्नेमा आर्थिक नीति शिल्पीहरूमा स्पष्टता पनि देखिएन। यिनै अनुत्तरित सवालहरूलाई सम्बोधन गर्न हल-उडफोर्डको सिद्धान्तले केही भए पनि सघाउन सक्छ। ७० को दशकमा अर्थतन्त्रले मन्दी, उच्च बेरोजगारी र उच्च मूल्यस्फीतिको तेहेरो जकड्याइँमा परेपछि मुलुकहरूलाई आर्थिक अवस्था सुधार गर्न किन्सियन आर्थिक ढाँचामा नवीन खोजको आवश्यकता थियो।

सन् १९२९ को मन्दीमा अमेरिकी सेयर बजार गिऱ्यो, उत्पादन घट्यो, बेरोजगारी बढ्यो, बैङ्क तथा कारखानाहरू बन्द भए। यी सब हुनुका पछि बजार असफलतालाई दोष दिइएको थियो। यो अवस्थामा सरकारले ऋण लिएर पनि खर्च गर्नु पर्छ, ब्याजदर घटाउनु पर्छ; जसले बृहत् आर्थिक स्थिरता ठिक पार्न सकिन्छ भन्ने सोचिन्थ्यो। जनता सस्तो कर्जा लिएर खर्च गर्न चाहन्छन्, त्यसकारण जनताको हातमा पैसा पुऱ्याउँदा प्रभावकारी माग सिर्जना हुन्छ भन्ने मान्यता थियो। ७० को दशकसम्म सबै मुलुकले किन्सियन ढाँचालाई अपनाए। सन् १९७३ मा अरब-इजरायल युद्धका कारण तेल सङ्कट ल्यायो, इरानी क्रान्तिले तेलको मूल्य झनै महँगाएपछि अर्थतन्त्रको लागत संरचना बढ्यो। महँगी र बेरोजगारी एकसाथ बढ्यो र उत्पादन घट्यो। अर्थतन्त्र 'स्टेग्फ्लेसन' अर्थात आर्थिक शिथिलताको मारमा पुग्यो। यो अवस्था सुधार गर्न सन् १९७६ मा निकालेको उपाय मानिसहरू सिक्दै आर्थिक व्यवहार बदल्छन् भन्ने सिद्धान्त पनि असफल भयो। किनकि विगतको व्यवहारका कारण भविष्य यस्तो होला भनेर अनुमान गर्दै आर्थिक व्यवहार बदल्दा समाधान निक्लँदैन। महँगी बढ्दै जाँदा रोजगारी र उत्पादन बढाउन सकिँदैन, बरु उल्टो असर पर्छ। सन् १९७८ पछि हल र उडफोर्डले किन्सियन विचारधारालाई खारेज नगरी बरु परिष्कार गरी 'स्टेगफ्लेसन' लाई सम्बोधन गर्ने विधि सुझाए। उनीहरूको अध्ययन छुट्टाछुट्टै थियो। हलको खोज मानिसका आजको आवश्यकतालाई आधार मानेर होइन, पूरै जिन्दगीको आम्दानी अनुमानका आधारमा खर्च गर्छन् भन्ने थियो।

आर्थिक व्यवहारका आधारमा समाजमा दुई प्रकारका मानिस हुन्छन्– कोही केही पैसा बचाएर खर्च गर्छन् तर कोही चाहिँ आज कमाएर आजै खर्च गर्छन्। अर्को अर्थमा उपभोग खर्च पूर्व निर्धारित हुँदैन। त्यसरी नै अर्कोतर्फ उडफोर्डले निष्कर्ष निकाले कि मूल्य दैनिक रूपमा बदलिँदैन, बिस्तारै बढ्छ। लागत संरचना बढे पनि उत्पादक/विक्रेताले तत्काल मूल्य नबढाउन सक्छ, पहिला नै केही कुरा विचार गरी उपभोक्ता व्यवहारलाई पनि ख्याल गरेर मूल्य बढाउँछ। सावधानीपूर्वक हिसाब गरेर बिस्तारै मूल्य बढाउने कुरालाई उडफोर्ड 'स्टिकी प्राइस' भन्छन्। केन्द्रीय बैङ्कले ब्याज केही समयका लागि नबढाउने नीति लिँदा पनि कर्जाको लागत घट्ने र लगानी बढ्ने स्थिति आउन सक्छ। हालले व्यक्तिगत खर्च व्यवहार र उडफोर्डले बजारको मूल्य व्यवहारलाई व्याख्या गरेर समष्टिगत आर्थिक स्थिरताको सूक्ष्म आधार संयोजित रूपमा प्रतिपादित छ।

शास्त्रीय र नवीन विधिमा के भिन्नता छ भन्ने हेर्दौं। किन्जियन ढाँचामा आँकडा र अनुमानलाई आधार मानिन्थ्यो, अब ती कुराका अलावा जनताको व्यवहारलाई पनि हेर्नु पर्छ भन्ने नयाँ ढाँचाले बताएको छ। पहिला मानिस आजका अवस्थाबाट आर्थिक निर्णय गर्छन् भन्ने थियो, नयाँ ढाँचामा मानिस महत्वपूर्ण आर्थिक निर्णय गर्दा भविष्यलाई पनि हेर्छन् भन्ने निष्कर्ष निकालिएको छ। शास्त्रीय ढाँचामा मूल्य स्वयम् संयोजित सन्तुलनमा पुग्छ भन्ने मानिन्थ्यो। अब मूल्य एकै चोटि बदलिँदैन, बिस्तार बिस्तार बदलिन्छ भन्ने निष्कर्ष छ। शास्त्रीय ढाँचामा केन्द्रीय बैङ्कले ब्याजदरलाई मात्र ध्यान दिए पुग्छ भन्ने हुन्थ्यो, अब ब्याजदरका साथ साथ केन्द्रीय बैङ्कको संवाद क्षमताको पनि उपयोग गर्नु आवश्यक मानियो। यी निष्कर्ष निकाल्नका लागि हलले सर्वसाधारणको व्यवहार र उडफोर्डले व्यवसायी र केन्द्रीय बैङ्कको व्यवहारलाई आधार मानेका छन्। यो निष्कर्षले वित्तीय तथा मौद्रिक नीतिमार्फत आर्थिक स्थिरता कायम गर्न नवीन सोच दिएको छ; जसले अर्थतन्त्रमा हुने उतारचढावलाई नियन्त्रण गरी अपेक्षित सीमामा राख्न सकिन्छ। यो सिद्धान्तले उघारेको अर्को आयाम बजार आर्थिक मात्र नभई सामाजिक सङ्गठन पनि हो। कार्ल पोलानीले भने झैं आर्थिक क्रिया निर्धारण गर्दा सामाजिक व्यवहारबाट पनि प्रभावित हुन्छ; उत्पादन, विनिमय र वितरण सामाजिक व्यवहारबाट पनि स्वरूपित हुन्छन् भन्ने पनि हो।

हल-उडफोर्डको बृहत् स्थिरीकरणका लागि सूक्ष्म आर्थिक आधारको सिद्धान्त नेपाल जस्ता मुलुकका लागि झनै उपयोगी हुन सक्छ किनकि नेपाल उच्च बेरोजगारी, आकासिँदो मूल्यवृद्धि, न्यून आर्थिक वृद्धि, उच्च व्यापार घाटा र वित्तीय संरचनाहरूको कमजोर क्रियाशीलताको समस्या भोगिरहेको छ। उपभोक्ताको माग निकै सङ्कुचित छ। मुलुकले चाहेको उच्च, फराकिलो र विस्तृत आधार भएको आर्थिक वृद्धिको अभीष्ट निकै पर धकेलिएको छ। आर्थिक समृद्धि र रूपान्तरणका लागि लिइएका नीतिहरू नतिजासम्म पुग्न सकेका छैनन्। वार्षिक रूपमा जारी गरिने वित्त (बजेट) तथा मौद्रिक नीतिले शास्त्रीय र सजिला उपायहरू अवलम्बन गर्दै आएकाले परिवर्तित अर्थ-सामाजिक अवस्थालाई सम्बोधन गर्न सकेका छैनन्। वित्त तथा मौद्रिक नीतिबिचको सहपूरकता दरिलो छैन। आन्तरिक वित्तीय तनाव, बाह्य वित्तीय झट्का र विपत् तथा महामारीका कारण केन्द्रीय मौद्रिक पदाधिकारीको नीति भूमिकामा आधारभूत परिवर्तन चाहिएको छ।

परम्परागत रूपमा मौद्रिक नीति मूल्य स्थिरता र रोजगारी जस्ता समष्टिगत उद्देश्यमा केन्द्रित भए पुग्थ्यो, अब समष्टिगत उपलब्धिका साथ वित्तीय स्थिरतालाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ। परम्परागत मौद्रिक उपकरणहरू अपर्याप्त हुने भएकाले 'म्याक्रोप्रुडेन्सियल' उपकरणको बढी आवश्यकता छ। अनपेक्षित र अचानक आउने वित्तीय झट्काहरूलाई तत्काल सम्बोधन गर्न लचिला र सबल नीतिगत उपकरणका साथै अन्तर्राष्ट्रिय नीतिगत अभ्यासका कारण आन्तरिक पुँजी बजारमा पर्ने प्रभावको तदारुकताका साथ समन्वय गर्नु उत्तिकै जरुरी छ। साथै प्रमुख आर्थिक नीतिशिल्पी व्यावहारिक कार्यमूलक सम्बन्धको आवश्यकता पनि टड्कारो छ।-गोरखापत्र

स्वास्थ्य

परिवारसँगै बसेर खाँदा बालबालिकामा पर्ने सकारात्मक प्रभाव



प्रायःजसो घरहरूमा साना बालबालिकालाई पहिल्यै खुवाएर सुताउने चलन देखिन्छ।

त्यसपछि मात्र अभिभावक र घरका ठुला सदस्यहरू सँगै बसेर खाना खान्छन्।

पारिवारिक भोजनको समयमा साना नानीबाबुहरूलाई पनि सँगै राखेर खुवाउनु सुरुमा केही झन्झटिलो लागे पनि यसका अनेकौं फाइदाहरू छन्।

खाना खान आनाकानी नगर्ने:

परिवारसँगै बसेर खाने 'प्रि-स्कुल' उमेरका बालबालिकामा खानालाई लिएर आनाकानी वा नखरा गर्ने बानी कम हुन्छ। उनीहरूमा फलफूल तथा सागसब्जी खाने बानी पनि बढी विकास हुन्छ। यदि साना नानीबाबुहरूलाई आफैं खाना छुन, खान र नयाँ परिकार अनुभव गर्न दिइयो भने उनीहरूको ज्ञानेन्द्रीय विकास (सेन्सरी डेभलपमेन्ट) मा समेत मद्दत पुग्छ।

नियमित भोजनको तालिका बस्नेः

बालबालिकालाई नियमित रूपमा सँगै राखेर खुवाउँदा उनीहरूको भोकको सहजै अन्दाज हुन्छ र खाना खाने एउटा निश्चित तालिका बन्छ। टिभी वा मोबाइलको स्क्रिनअगाडि बसेर खानुको साटो टेबलमा सबै जनासँगै बसेर खाँदा बालबालिकाको ध्यान खानामै केन्द्रित हुन्छ, जसले गर्दा आवश्यकताभन्दा बढी खाने (ओभरइटिङ) जोखिम पनि घट्छ।

सामाजिक सीप सिक्ने अवसरः

पूरै परिवार एकै ठाउँमा बसेर रमाइलो वातावरणमा खाना खाँदा बालबालिकामा भोजनप्रति सकारात्मक सोचको विकास हुन्छ। उनीहरू कुनै मानसिक दबाबबिना नयाँ-नयाँ स्वाद चाख्न उत्साहित हुन्छन्। टेबलमा बसेर खाने शिष्टाचार (टेबल म्यानर्स) सिकाउने यो उपयुक्त अवसर पनि हो। यसबाट उनीहरूले सबैका माझ कसरी बस्ने, काँटा-चम्चाको प्रयोग कसरी गर्ने र एक-आपसमा सानातिना कुरामा कसरी सहयोग पुऱ्याउने भन्ने व्यावहारिक ज्ञान पाउँछन्।

भोजनको समयलाई यसरी बनाउन सकिन्छ सहज

बालबालिकालाई रातिको खानामा मात्र सँगै राख्नुपर्छ भन्ने अनिवार्य छैन; उनीहरूलाई दिउँसोको खाना वा बिदाको दिन बिहानीको खाजामा पनि सँगै सहभागी गराउन सकिन्छ।

बच्चाका लागि छुट्टै र सुरक्षित कुर्सीको व्यवस्था गर्नुपर्छ, जसले गर्दा उनीहरू लड्ने वा चोटपटक लाग्ने जोखिम नहोस्।

परिवारका लागि जे पाकेको छ, बच्चालाई पनि त्यही पस्कनुपर्छ। उनीहरूको उमेरअनुसार खानाको बनावटमा केही सामान्य फेरबदल भने गर्न सकिन्छ; उदाहरणका लागि गाजर वा स्याउ सिङ्गै दिनुको सट्टा त्यसलाई पिसेर वा मसिनो प्युरी बनाएर दिन सकिन्छ।

थालीको सबै खाना जसरी पनि सक्नैपर्छ भनेर बच्चालाई कहिल्यै दबाब दिनु हुँदैन। दबाब दिँदा उनीहरू तनावमा पर्न सक्छन् र खानाप्रति नकारात्मक धारणा बन्न सक्छ। उनीहरूलाई आफ्नो भोकको निर्णय आफैं गर्न दिनुपर्छ।

खाना खाँदा टेबल वा बच्चाको लुगा फोहोर भयो भनेर चिन्ता लिनु पर्दैन। बालबालिका खानासँग जति सहज र निर्धक्क हुन्छन्, उनीहरूको शारीरिक तथा मानसिक विकास त्यति नै राम्रो हुन्छ।

सहकारीले गाउँमै दूध सङ्कलन गरेपछि किसानलाई सहज



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ११ कात्तिक

घोराही उपमहानगरपालिका-१ सुकाखोलाका बमबहादुर थापाले दैनिक ९५ लिटर दूध उत्पादन गर्छन्। उनलाई पछिल्लो समय दूध कहाँ बिक्री गर्ने भन्ने चिन्ता छैन।

यहीँ कात्तिक १ गतेबाट घोराही उपमहानगरपालिका-२ रामपुरमा रहेको साना किसान कृषि सहकारी संस्थाले दूध किनेर बिक्रीको प्रबन्ध मिलाएको छ। जसले गर्दा संस्थाका सदस्य तथा वडा नं १, २ र ४ का पशुपालक किसानलाई सहज भएको उनी बताउँछन्।

थापालाई मात्र होइन उनीजस्तै धेरै किसानलाई दूध बिक्रीका लागि घोराही आउनुपर्ने बाध्यता हटेको छ। "आफू नै आवद्ध भएको सहकारी संस्थामा दिन्छौं", थापाले भने, "सहकारीमार्फत दूध बेच्न निकै सजिलो भएको छ।" मासिक करिब रु दुई लाखको दूध घरनजिकैबाट बिक्री गर्न पाउँदा उनी खुसी छन्। मासिक रूपमा एक लाख ८० हजारदेखि दुई लाखसम्मको कारोबार गर्दै आएको र त्यसबाट आधा रकम बचत गर्ने गरेको उनले बताए।

विसं २०७७ बाट सुकाली गाई फार्म सञ्चालन गरेर गाईपालन गर्दै आएका थापाको फार्ममा अहिले सानाठूला गरेर २१ वटा गाई छन्। उमेरले ४२ वर्ष पुगेका उनले दूध बिक्रीका लागि घोराही आउनुपर्ने बाध्यता अन्त्य हुँदा पैसा र समयको बचत भएकाले यो कार्यलाई सहकारीले आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने बताए।

पछिल्लो समय गाउँमै सहकारीले दूध सङ्कलन गर्न थालेपछि बजारका डेरीहरूले दूध नपाइने चिन्ताले पशु सुत्केरी भत्ताबापत रु दुई हजार ५०० दिने कार्य यहीँ कात्तिक १ गतेबाट सुरु गरेको हुँदा यसले अन्य किसानलाई फाइदा पुगेको उनले बताए।

हाल सहकारीले किसानबाट दैनिक ७५० लिटरभन्दा बढी दूध सङ्कलन गर्दै आएको संस्थाका अध्यक्ष गुरूप्रसाद खनालले बताए। संस्थाका सदस्यलाई अनिवार्य र अन्य किसानले चाहेमा दूध लिने गरिएको उनको भनाइ छ। अध्यक्ष खनाल स्वयंले पनि पशुपालन गर्दै आएका छन्। उनले दैनिक १०० लिटरभन्दा बढी दूध उत्पादन गर्दै आएको बताए। उनको फार्ममा अहिले सानाठूला गरेर २० वटा गाई छन्।

"किसानबाट भैँसीको ८० रूपैयाँ र गाईको दूध ७० रूपैयाँ लिटर खरिद गर्दै आएका छौं", अध्यक्ष खनालले भने, "आफूहरूले होलसेलमा भैँसीको ८५ रूपैयाँ र गाईको दूध भने ७५ रूपैयाँ लिटर बिक्री गर्ने गरेका छौं।" यसअघि किसानले भैँसीको ७५ र गाईको ६३ रूपैयाँ लिटरमा बिक्री गर्दै आएका थिए। किसानबाट खरिद गरिएको दूध सहकारीमा आबद्ध सदस्यले सञ्चालन गरेको डेरीमै दिने र बाँकी अन्य डेरीलाई पनि दिने गरिएको उनको भनाइ छ।

चैतदेखि तिहारसम्म डेरीहरूले जति पनि दूध सङ्कलन गरिदिने र त्यसपछि दूध बिक्री गर्न समस्या हुने भएकाले सहकारीमार्फत यो कार्यक्रमको थालनी गरिएको उनले बताए। भोलिका दिनमा सहकारीकै डेरी सञ्चालन गरी बिक्री गर्ने योजनासमेत रहेको उनको भनाइ छ।

अझै पनि किसानले पर्याप्त मूल्य नपाएको हुँदा भविष्यमा किसानलाई फाइदा हुने हिसाबले काम गर्ने उनले बताए। दूध एनालाइजर मेसिन लिएर त्यसअनुसार किसानलाई मूल्य दिने योजना रहेको उनले सुनाए।

हाल यस सहकारी संस्थामा एक हजार ३०० सदस्य रहेका छन्। जसमा ४०० सदस्यले सहकारीबाट दूध बिक्री गर्ने गरेका छन्। घरैपिच्छेका किसान दूध बेच्न घोराही बजार आउँदा समस्या भएपछि सहकारीले दूध सङ्कलन गरेर बिक्री गर्दा सहज भएको किसान बताउँछन्।

बाँके राष्ट्रिय निकुञ्जमा हिउँदे पर्यटनको चहलपहल

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ११ कात्तिक

वर्षायाममा रोकिएको जङ्गल सफारी पुनः सुरु भएसँगै बाँके राष्ट्रिय निकुञ्जमा हिउँदे पर्यटनको चहलपहल सुरु भएको छ।

मनसुन सकिएसँगै हरियालीले सजिएको निकुञ्जका कच्ची बाटा मर्मत गरी पर्यटकका लागि जङ्गल सफारी पुनः खुला गरिएको गाभर भ्याली सामुदायिक घरबास 'होमस्टे'का अध्यक्ष कृष्ण चौधरीले बताए।

उनका अनुसार, नेपालको सबैभन्दा कान्छो राष्ट्रिय निकुञ्जका रूपमा चिनिने बाँके राष्ट्रिय निकुञ्ज जैविक विविधताले भरिपूर्ण छ। यहाँ पाइने दुर्लभ र संरक्षित वन्यजन्तु 'चौसिङ्गा' (चारवटा सिङ भएको मृग) यस निकुञ्जको मुख्य आकर्षण हो। चौसिङ्गासँगै पाटेबाघ, हात्ती, गैँडा, चितुवा, र विभिन्न प्रजातिका चराचुरुङ्गीको अवलोकन गर्न पाउँदा यहाँ पुग्ने जो कोही रोमाञ्चित हुन्छन्।

यसपटक पर्यटकलाई आकर्षित गर्न निकुञ्ज र स्थानीय पर्यटन व्यवसायीले विशेष छुटसहित मात्र रु एक हजारको नयाँ प्याकेज समेत सार्वजनिक गरेका छन्। जसले आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउन थालेको छ। यो प्याकेजले मध्यमवर्गीय र युवा पर्यटकलाई निकै आकर्षित गरेको छ। यस प्याकेजले कम खर्चमै जङ्गल सफारी र वन्यजन्तु अवलोकनको अनुभव दिलाउने चौधरीले बताए।

"वर्षातपछि जङ्गलको रूप नै फेरिएको छ। चारैतिर हरियाली र ताजा हावा छ," गाभर भ्यालीका अध्यक्ष चौधरीले भने, "जङ्गल सफारी पुनः सुरु भएसँगै पर्यटकको आगमन बढ्न थालेको छ। हामी उहाँहरूलाई स्थानीय परिकार र संस्कृतिले स्वागत गर्न आतुर छौं।"

पश्चिम नेपालमा सुलभ मूल्यमा साहसिक र प्राकृतिक यात्रा गर्न चाहनेका लागि बाँके राष्ट्रिय निकुञ्ज र गाभर भ्याली अहिले उत्कृष्ट गन्तव्य बनेको नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष चिरञ्जीवी वलीले बताए।

"सहरी कोलाहलबाट मुक्त भई प्रकृति र स्थानीय संस्कृतिको नजिक पुग्न चाहने पर्यटकका लागि यो मौसम उपयुक्त अवसर हो," उनले भने, "वर्षायामको हरियाली र ओसिलो जङ्गलको आफ्नै आकर्षण हुन्छ भने हिउँदमा जङ्गलको दृश्य, वन्यजन्तको गतिविधि नियाल्ने अवसर र खुला मौसमले सफारीलाई फरक अनुभव दिन सक्छ।"

जीपमा बसेर जङ्गलका घुमाउरा बाटा पार गर्दै वन्यजन्तुको खोजी गर्नु, चराचुरुङ्गीको आवाज सुन्नु, प्राकृतिक वनस्पति नियाल्नु र जङ्गलको विशालतालाई महसुस गर्नु आफैमा एउटा विशेष अनुभव हुने अध्यक्ष वलीले बताए।

बाँके राष्ट्रिय निकुञ्जप्रति पर्यटकको आकर्षण बढ्न थालेको छ। आर्थिक वर्ष २०८२/०८३ मा निकुञ्जमा एक हजार ४६६ पर्यटक पुगेका थिए। अघिल्लो आर्थिक वर्ष यो सङ्ख्या ६२० र २०८०/०८१ मा ४४४ थियो। बाँके राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धनको लागि निजी क्षेत्रसँग समन्वय गरेर विशेष योजनाका साथ अगाडि बढेको निकुञ्जका प्रमुख वार्डेन वीरेन्द्रप्रसाद कँडेलले जानकारी दिए।

काठसहित पाँच मोटरसाइकल प्रहरी नियन्त्रणमा

कालपृष्ठ समाचारदाता

दाङ, ११ कात्तिक

दाङमा अवैध रूपमा चोरी तस्करी गर्न लागेको १६ वटा सालको चिरान काठसहित पाँचवटा मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक दिपक श्रेष्ठका अनुसार राप्ती गाउँपालिका-४ सुन्दरपुरमा अवैध रूपमा काठ चोरी तस्करी भइरहेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय भालुवाडबाट खटिएको प्रहरीको काठसहित मोटरसाइकल नियन्त्रणमा लिएको हो।

प्रहरी टोलीलाई देखेपछि मोटरसाइकल र काठ छाडेर चालक फरार भएका थिए। बरामद गरिएको काठ तथा मोटरसाइकलाई आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय लमही पठाइएको जिल्ला प्रहरी प्रमुख श्रेष्ठले जानकारी दिए।

पहिलो पृष्ठबाट बाँकी

कच्चा ...

विभिन्न जिल्लामा रहेका फार्म तथा जग्गाको संरक्षण पनि चुनौतीपूर्ण बनेको छ।

जसमा कपास रोप्नुभन्दा अगाडि यति मूल्यमा हामी खरीद गरिदिन्छौं भनेर किसानहरूसँग सम्झौता गरिसकेपछि किसानले खेती गर्ने नेपालको एउटा बाली कपास मात्र रहेको कपास विकास समितिका कार्यकारी निर्देशक विरेन्द्रराज पराजुली बताउनुहुन्छ। उहा भन्नुहुन्छ,-'अहिले हाम्रो स्थितिमा छ सय जना किसानहरू हामीसँग प्रत्यक्ष परोक्ष रूपमा जोडिनुभाको छ। उहाँहरूलाई प्रत्यक्ष असर पर्ने देखिन्छ एउटा। दोस्रो भनेको कपास विकास समिति खारेज गर्दै गर्दा उतापट्टि हेटौंडा कपडा उद्योग पनि सञ्चालन गर्ने र त्यसको परिक्षण उत्पादन पनि भइरहेको सन्दर्भमा अब कच्चा पदार्थ दिने निकाय विघटन गर्दा यसको सकारात्मक असर पर्छ भन्ने त लाग्दैन। समितिसँग भएका पूर्वाधारहरूको संरक्षण कसरी गर्ने भन्ने हो। समितिसँग ठूलो मात्रामा फार्म छ जुन २०६० सालतिरबाट अतिक्रमण भएको छ। र त्यो जग्गाहरू लगायत अर्को चार ठाउँमा भएको फार्महरूको संरक्षण कसरी हुन्छ भन्ने चिन्ता पनि हो।'

सरकारले हेटौंडा कपडा उद्योग सञ्चालनको तयारी गरिरहेको बेला स्वदेशी कपास उत्पादन बढाउनुपर्ने आवश्यकता पनि देखिएको छ। त्यसैले खजुरामा रहेको प्रशोधन पूर्वाधार र विभिन्न जिल्लामा रहेका जग्गालाई कपास उत्पादनसँग जोड्ने गरी स्पष्ट योजना बनाउनुपर्ने सरोकारवालाहरूको जोड छ।

बाँकेमा...

यो धान करिब १४० दिनमा तयार हुने बताइएको छ। कृषि ज्ञान केन्द्र, नेपालगन्जका प्रमुख डा विनोद घिमिरेले रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत यसको संरक्षणमा जोड दिइएको उल्लेख गर्दै किसानले मूल्य पाउने भएकाले पनि यसको खेती भइरहेको बताए।

उनले केही सीमित किसानले कालानमक धानको खेती गरेकाले बीउमा सहयोग गरिएको जानकारी दिँदै बजार क्षेत्रमा यसको माग बढ्दै गएको बताए। बाँकेको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकामा सबैभन्दा बढी कालानमक धानको खेती हुँदै आएको छ।

किसानलाई धान भित्र्याउन भ्याइनभ्याई

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ११ कात्तिक

मौसम पूर्वानुमान महाशाखाले पानी पर्ने प्रक्षेपण गरेसँगै बाँकेका किसानलाई यतिबेला वर्षभरि खाने धान सकुशल भित्र्याउन भ्याइनभ्याई भएको छ।

धान काटिसकेका तर अहिलेसम्म भण्डारण गर्न नपाएका किसानलाई पानी परे खेतको बाली भिज्ने डर छ। काट्न बाँकी रहेकालाई पनि हुरीबतास र पानीले धान ढाल्ने चिन्ता छ। धानको बाला लामो समयसम्म भिजे बिग्रने जोखिम हुने भएकाले अहिले धान भित्र्याउन भ्याइनभ्याई भएको नेपालगन्ज उपमहानगरपालिका-१९, सुईयागाउँका किसान ध्रुवकुमार थापा क्षेत्रीले बताए।

"विगतमा पनि असोज र कात्तिकमा आएको बेमौसमी बाढी र वर्षाले तयारी अवस्थाको धानबाली नष्ट गर्दा किसानले क्षति व्यहोर्नुपरेकाले अहिले सजक भएर बेलैमा धान भित्र्याउन लागिपरेका छौं", उनले भने, "पानी पर्ने सूचनाले अहिले बिहानदेखि रातिसम्म खेतमै धानबाली स्याहर्ने हामीलाई भ्याइनभ्याई छ।"

दसैँका बेला भएकाले खेतमा काम गर्ने खेताला वा मजदुर पाउन निकै मुस्किल छ। थ्रेसर, ट्याक्टरजस्ता आधुनिक उपकरणको सुविधा लिन सहज छैन। हतारहतार काटिएको धान राम्रोसँग सुकाउन र सुरक्षित भण्डारण गर्न पनि समस्या भएको उनको भनाइ छ।

गत असारमा लगाइएको धान पाकेर यतिबेला खेतमा पहेँलपुर झुलेको छ। अब वर्षा भए धानबालीमा ठूलो क्षति हुने भएकाले किसानलाई अहिले सबै काम छोडेर धान भित्र्याउन भ्याइनभ्याई भएको खजुराका अगुवा किसान कृष्णविक्रम केसीले बताए।

विगतका वर्षहरूमा प्रायः दसैँ सकिएपछि मात्रै धान भित्र्याउने समय आउँथ्यो। तर, यसपालि दसैँ केही ढिला परेकाले धान पाक्ने र दसैँ मनाउने समय एकैपटक जुध्न पुगेको छ। यसले गर्दा गाउँघरमा दसैँ नसकिँदै खेतबारीको कामको हतारो भएको केसीले बताए।

"आकासमा अलिकतिमात्रै बादल मडारिँदा पनि किसानको धडकन बढ्ने गर्छ। मिहिनेतअनुसार धान राम्रो त भएको छ, तर समयमै घर भित्र्याउन नसके असिना वा पानीले नोक्सान पुऱ्याउन सक्छ", केसीले भने, "बाँकेका किसान यतिबेला चाडपर्व बिर्सिएर धान भित्र्याउन लागेका छन्।"

कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी तथा वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले पाकेर स्याहर्ने बेला पानी पर्ने डरले यतिबेला किसान धमाधम धान भित्र्याउन लागेको बताइन्। बाँकेमा कुल ५४ हजार ५२६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३३ हजार ५७० हेक्टरमा धान रोपाइँ हुने गरेको छ। यो वर्ष ३३ हजार ५०३ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको सूचना अधिकारी शर्माले जानकारी दिइन्।



समाचार र विचारको स्वतन्त्र संवाहक
kalpristhanews.com

एन्फा अध्यक्ष नेम्वाङ र महासचिव राई धरौटीमा रिहा

कालपृष्ठ समाचारदाता

काठमाडौं, ११ कार्तिक



ललितपुर जिल्ला अदालतले अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईलाई धरौटीमा रिहा गर्ने आदेश जारी गरेको छ।

हरिसिंह धामीको एकल इजलासले बुधबार नेम्वाङ र राईलाई जनही ५ लाख धरौटीमा छोड्न आदेश जारी गरेको हो।

खेल मिलोमतो, भ्रष्टाचार तथा अन्य अनियमितताको विषयमाथिको अनुसन्धानमा दोषी देखिएको भन्दै नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो (सिआइबी)ले एन्फाका अध्यक्ष नेम्वाङ, महासचिव राई, कोषाध्यक्ष रविन्द्रमान जोशी र लेखा अधिकृत सञ्जिव पाण्डेविरुद्ध मुद्दा दायर गरेको थियो।

जोशी र पाण्डे अदालतको आदेशअनुसार धरौटी बुझाएर रिहा भइसकेका थिए भने अदालतबाट पक्राउ पुर्जी जारी भएको अवस्थामा नेम्वाङ र राई चाँही बेपत्ता थिए।

सिआइबीको खोजी सूचिमा रहेका अध्यक्ष नेम्वाङ र महासचिव राई बुधबार अदालत उपस्थित भएका थिए। अदालतले तोकेको जनही ५ लाख रूपैयाँ धरौटी बुझाएर एन्फा अध्यक्ष नेम्वाङ र महासचिव राई रिहा भइसकेका छन्।

सुदूरपश्चिमको पहिलो जित

कालपृष्ठ समाचारदाता

काठमाडौं, ११ कार्तिक



कप्तान दीपेन्द्रसिंह ऐरि र चौथो नम्बरका ब्याटर इशान पाण्डेको बलियो साझेदारीप्रेरित नेपाल प्रिमियर लिग (एनपिएल) सिजन ३ मा सुदूरपश्चिम रोयल्सले पोखरा एभेन्जर्सलाई सहजै हराएको छ।

बुधबार कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा पोखराले दिएको १४६ रनको मध्यम लक्ष्य सुदूरपश्चिमल चार विकेट गुमाएर १६.५ ओभरमै भेट्टायो। ऐरि र इशानले चौथो विकेटका लागि ७४ रनको साझेदारी गरेका थिए।

सातौं ओभरको तेस्रो बलमा सुदूरपश्चिमले ओपनर सैफ जैबलाई गुमाएको थियो। त्यसपछि इशान क्रिजमा आएका थिए। १६औं ओभरको तेस्रो बलमा मेहदी हसनको बलमा एलबिडब्लुको शिकार बनेका इशानले कूल ३७ रन जोडे।

ऐरिले जितका लागि चार रन आवश्यक रहेको बेला छक्का प्रहार गर्दै सुदूरपश्चिमलाई दुई अंक दिलाए। उक्त प्रहारसँगै उनले आफ्नो अर्धशतकसमेत पूरा गरे। ३६ बलमा ऐरिले चार चौका र दुई छक्कासहित ५१ रनको पारी खेले।

यसबाहेक ब्रान्डन म्याकमुलनले २२ र जैबले १५ रनको योगदान गरे।

'गौँथली' लाई 'वेस्ट फरेन सिनेमा' को अवार्ड

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ११ कार्तिक

'वर्ल्ड फिल्म फेस्टिभल इन क्यान्स' मा नेपाली कथानक चलचित्र 'गौँथली' ले 'वेस्ट फरेन सिनेमा' को अवार्ड जितेको छ। फ्रान्समा मासिक र वार्षिक रूपमा हुने यो अवार्डमा नेपाली चलचित्र 'गौँथली' ले सो अवार्ड जित्न सफल भएको हो।

फ्रान्सको क्यान्समा आयोजना हुने यस फिल्म फेस्टिभललाई 'वर्ल्ड फिल्म फेस्टिभल इन क्यान्स' रिभेम्बर द फ्युचर पनि भन्ने गरिन्छ।

अवार्ड प्राप्त गरेपछि 'गौँथली' का निर्देशक डा. कपिल रिजालले 'गौँथली' केवल एउटा चलचित्र मात्र नभएर यो भावना, सपना र नेपाली चलचित्रप्रतिको प्रेमसँग जोडिएको एउटा सुन्दर यात्रा भएको बताए।

पच्चीस वर्षअघि आफ्ना बुबा डा.भोला रिजालले निर्माण गरेको गीति चलचित्र 'गौँथली' को भाव, माया र विरासतलाई आत्मसात् गर्दै आफूले नयाँ पुस्तासम्म नयाँ ढङ्गले पुऱ्याउने एउटा सानो प्रयास मात्र गरेको उनको भनाइ छ।

चलचित्रका निर्माता सुमन गिरीले नेपाली फिल्मको गौरवमय इतिहास बनाएको बताउँदै यो नेपाली चलचित्र र नेपाली माटोको जित भएको बताएका छन्। प्रदर्शनको सय दिन मनाइसकेको यस सिनेमाले २६ करोड माथिको व्यापार गरी यो नेपाली सिनेमा उद्योगको सबैभन्दा धेरै कमाउने दोस्रो सिनेमा बनिसकेको दाबी गरिएको छ। 'गौँथली'मा अरूण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा छन्।

चितवनमा पहिलो अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिप

कालपृष्ठ समाचारदाता

काठमाडौं, ११ कार्तिक

चितवन तेक्वान्दो डोजाङको आयोजनामा कार्तिक १३ देखि १५ गतेसम्म प्रथम सौराहा अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप-२०२६ हुने भएको छ।

चितवनमा तेक्वान्दो खेलको विकास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई प्रतिस्पर्धाको साझा मञ्च प्रदान गर्ने र नेपालमा तेक्वान्दोको स्तरलाई अझ माथि उठाउने उद्देश्यका प्रतियोगिता आयोजना गर्न लागिएको प्रतियोगता संयोजक प्रज्वल दवाडीले जानकारी दिए। उनले यस प्रतियोगिताले नेपाली तेक्वान्दोको विकासमा एउटा इँटा थप्ने विश्वास व्यक्त गरे।

प्रतियोगितामा नेपालका सातवटै प्रदेश र आयोजक टोलीसहित भारत, माल्दिभ्स, मलेसिया, अस्ट्रेलिया, बंगलादेश, सिंगापुर, साउदी अरेबिया, जापानलगायत विभिन्न देशका खेलाडी तथा टोलीको सहभागिता रहने अपेक्षा आयोजकको छ। करिब ८ सय खेलाडी सहभागी हुने बताइएको छ।

प्रतियोगितामा तेक्वान्दोका पुम्से र ग्योरोगी विधाका विभिन्न उमेरसूह तथा तौलसमूहमा प्रतिस्पर्धा हुनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई एउटै मञ्चमा प्रतिस्पर्धा गराउँदै उनीहरूको क्षमता अभिवृद्धि गर्ने, अनुभव आदान प्रदानको अवसर सिर्जना गर्ने र खेलकुदमार्फत अन्तर्राष्ट्रिय मित्रता विस्तार गर्ने लक्ष्य रहेको वरिष्ठ मास्टर रोशन खानले बताए।

प्रतियोगितामा टिमतर्फ प्रथम हुने टोलीले ५० हजार रूपैयाँ, दोस्रो हुने टोलीले ३० हजार रूपैयाँ र तेस्रो हुने टोलीले २० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

त्यसैगरी, उत्कृष्ट पुम्से पुरुष, उत्कृष्ट पुम्से महिला, उत्कृष्ट ग्योरोगी पुरुष खेलाडी, उत्कृष्ट ग्योरोगी महिला खेलाडी, उत्कृष्ट प्रशिक्षक र उत्कृष्ट रेफ्रीलाई जनही १०० अमेरिकी डलर पुरस्कार प्रदान गरिने छ।

प्रतियोगिताको उद्घाटन समारोह अक्टोबर ३० अर्थात् कार्तिक १३ गते अपराह्न ४ बजे हुनेछ। त्यसैगरी, नोभेम्बर १ अर्थात् कार्तिक १५ गते अपराह्न ४ बजे समापन समारोह तथा पुरस्कार वितरण कार्यक्रम हुनेछ।

प्रतियोगिता सञ्चालनका लागि नेपाल तेक्वान्दो संघ, बागमती प्रदेश तेक्वान्दो संघ तथा चितवन जिल्ला तेक्वान्दो संघको सहयोग र समन्वय रहनेछ। यस आयोजनालाई सफल बनाउन विभिन्न निकाय, संघसंस्था, प्रायोजक, सहयोगी तथा खेलप्रेमीबाट प्राप्त साथ र सहयोग प्रशंसनीय रहेको आयोजकले जनाएको छ।

'हामीले यो प्रतियोगितालाई खेलकुदमा मात्र सीमित राखेका छैनौं। सौराहा नेपालको प्रमुख पर्यटकीय गन्तव्य भएकाले अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक तथा पदाधिकारीको आगमनले चितवनको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने विश्वास लिएका छौं।'- विज्ञप्तिमा भनिएको छ।

यस प्रतियोगितामार्फत सौराहालाई खेलकुद पर्यटनको गन्तव्यका रूपमा स्थापित गर्न, स्थानीय आर्थिक गतिविधिलाई प्रोत्साहन गर्न र चितवनको पहिचानलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्न योगदान पुग्ने अन्तर्राष्ट्रिय संयोजक तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्काले बताए।

WiFi-6 SINCE 2021
CLASSIC TECH
३ महिना तिर्नुहोस्,
७ महिना चलाउनुहोस्
जडान रु. ३ मा
200 Mbps
RS. 5,700/*
T&C APPLY
9709184147
sales@classic.com.np

आईडी कार्ड
मात्र
रू. १५०/-
सम्पर्क:
मो.
९८५८०४१२१०, ९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।